नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

जनशक्ति योजना तथा विकास शाखा

पत्र संख्याः- ०८०/८१

चलानी नं.:- ४८०

मितिः वि.सं. २०८०/११/२१

ने.सं. ११४४ सिल्लागा, ९ सोमबार

विषयः- **वैदेशिक अध्ययन/छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा ।**

श्री सबै निकाय ।

तपसिल अनुसारको अध्ययन कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/११/२० मा बसेको ३८६ औं बैठकबाट तपसिल बमोजिम निर्णय भएको हुँदा उक्त कार्यक्रममा उपयुक्त कर्मचारी मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ परराष्ट्र मन्त्रालयको उत्तर पूर्व एसिया महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

छात्रवृत्ति मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणी भित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबैभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपसिलः

| क्र. सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | सिट संख्या | अवधि / Deadline | कार्यक्रम हुने देश | आवश्यक योग्यता वाअन्य प्रासंगिक विषय | छात्रवृत्ति वितरण गर्न प्रस्तावित निकाय र निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Water Engineering and Utility Management for future leaders (JFY 2024)"<br><br>Master's Degree | 2(Two) | April 2025 to March 2027 / April 10, 2024 | Japan/JICA | • Must be a citizen of the Scholarship Program target country.<br>• Must have at least three years of practical experience in waterworks, government agencies, or other positions in water sector in their countries.<br>• Must have a bachelor's degree or higher in engineering, science or other disciplines relevant to management of water supply systems.<br>• Must have the linguistic skills required to take courses and receive research guidance in English.<br>• Must be in good health.<br>• Age: less than 35 years old as of enrollment. | सबै निकायलाई खुला गर्ने । |

*नोटः विस्तृत जानकारीका लागि* परराष्ट्र मन्त्रालयको च.नं. ९१३, मिति २०८०/११/१७ को पत्र र पत्रसाथ प्राप्त कागजात यसै साथ संलग्न गरिएको छ ।

(सागर के.सी.)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, सं.मा.त.सा.प्र.म.: वेबसाइटमा अपलोड गरिदिनुहुन ।

(१२)

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

(उत्तर पूर्व एसिया महाशाखा)

प.सं.उपूए/JPN-06/२०८०/८१
च.नं. ९१३

मिति: २०८०/११/१७
२९ फेब्रुवरी २०२४
ने.सं. ११४४ सिल्लागा, ५ बिहीबार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषय: मनोनयन सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा जापानमा आयोजना हुने देहायको अध्ययन कार्यक्रमका लागि निर्धारित मापदण्ड बमोजिम जम्मा दुई जना उम्मेद्वारहरु (१ जना मुख्य उम्मेद्वार र १ जना वैकल्पिक उम्मेद्वार) को मनोनयन गर्न अनुरोध गर्दै लेखिएको काठमाडौंस्थित Japan International Cooperation Agency (JICA) कार्यालयको नं. JICA (NP) 23-947, मिति २८ फेब्रुवरी २०२४ को पत्रसाथ प्राप्त अन्य सम्बद्ध कागजातहरू तहाँको जानकारी एवं आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

साथै, मनोनयन पत्रमा मनोनित उम्मेद्वारको विवरण (अंग्रेजीमा): नाम, पद, कार्यरत संस्था, मनोनयन गरिएको तालिम/अध्ययनको विवरण, मोवाईल नम्बर र ईमेल अनिवार्य रुपमा उल्लेख गर्नुहुन समेत अनुरोध छ।

| सि.नं. | तालिमको नाम | अवधि | कैफियत |
|---|---|---|---|
| १. | JICA Master's degree course on "Water Engineering and Utility Management for Future Leaders (JFY 2024)" | From April 2025 to March 2027 | मिति 10 April 2024 सम्ममा आवेदन फाराम साथ अन्य कागजातहरु पठाइसक्नु पर्ने ।<br><br>मनोनयनको जानकारी यस महाशाखाको इमेल: nea@mofa.gov.np मा पठाउनुहुन । |

Sujan 2080/11/17
(सुजन लामिछाने)
शाखा अधिकृत

फोन नं. ०१४२००१८२,०१४२००१८३,०१४२००१८४,०१४२००१८५ Ext: २८८ फ्याक्स नं. ०१४२००६१
वेभसाइट: mofa.gov.np, इमेल: nea@mofa.gov.np